श्री

# राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७८/०७९ सालको निर्णय नं.३१४

पुनरावेदन नं. : ०७५-RB-०१९४

पुनरावेदन दर्ता मितिः २०७५।०९।२४

**मुद्दाः मूल्य अभिवृद्धिकर (२०६८/०६९)**

काठमाडौं जिल्ला का.म.न.पा वडा नं.२ लाजिम्पाटस्थित साईमेक्स ट्रेडिङ्ग प्रा.लि.को तर्फबाट ऐ.को अख्तियार प्राप्त संचालक बर्ष ४३ को प्रकाश पाण्डे....................१ } पुनरावेदक

**विरुद्ध**

श्रीमान महानिर्देशकज्यू, आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौं............१
श्री आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं.३ लाजिम्पाट,.....................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. ३ लाजिम्पाट
शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री मधुसूदन पोखरेल
शुरु निर्णय मिति : २०६८।१०।१३

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं
निर्णय गर्ने अधिकारी : महानिर्देशक श्री टंकमणि शर्मा
निर्णय मिति : २०६९।०२।२६।६

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री शिव प्रसाद रिजाल
प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्वान उप-न्यायाधीवक्ता श्री दिपक भण्डारी

आन्तरिक राजस्व विभाग समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम यस न्यायाधिकरणमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दामा कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा ७ बमोजिम आयोगमा निर्णयको लागि गएकोमा मुद्दाको टुङ्गो नलाग्दै आयोग विघटन भई सोही ऐनको दफा १६ बमोजिम पुनः यस न्यायाधिकरणमा सरी आएको र यस न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. पुनरावेदक करदाता श्री साईमेक्स ट्रेडिङ प्रा.लि. (स्थायी लेखा नं. ३०००८६४७४) को अनुसन्धानको सिलसिलामा कर अवधि आ.व. २०६८।०६९ कारोवारको अनुसन्धान गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) अनुसार कर निर्धारण गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) सँग सम्बन्धित करदाताबाट पेश भएको जवाफ तथा प्रमाण कागजातहरु समेतको मूल्यांकन गर्दा कर र जरिवाना समेत जम्मा रु. १८,३३,५६८।– कायम गर्ने गरी आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ बाट मिति २०६८।१०।१३ मा भएको अन्तिम कर निर्धारण आदेश।
२. आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ बाट मिति २०६८।१०।१३ मा जारी भएको आ.व. २०६८।०६९ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी पुनरावेदक करदाता श्री साईमेक्स ट्रेडिङ प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०६८/११/१५ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेको।
३. पुनरावेदक करदाताको हकमा आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ बाट मिति २०६८।१०।१३ मा भएको अन्तिम कर निर्धारण आदेशमा लिईएका आधार तथा कारणहरु तथ्यपूर्ण र कानूनसम्मत भएको हुँदा निवेदकको जिकिर पुग्न नसक्ने ठहर गरी आन्तरिक राजस्व विभागबाट मिति २०६९।२।२६ मा निर्णय भएको ।
४. आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ बाट भएको अन्तिम कर निर्धारण आदेश उपर चित्त नबुझी आन्तरिक राजस्व विभागमा प्रशासकिय पुनरावलोकनका लागि निवेदन गरेकोमा सुरु निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णयमा चित्त नबुझाई करदाताले यस राजस्व न्यायाधिकरण काठमाडौंमा मिति २०६९।५।५।३ मा पुनरावेदन दर्ता गराएको।
५. करदाता साईमेक्स ट्रेडिङ्ग प्रा.लि.ले आफ्नो भवन निर्माण लामा कन्स्ट्रक्सन प्रा.लि. भन्ने निर्माण कम्पनीबाट गराएको र दुवै प्रा.लि.हरु मूल्य अभिवृद्धि कर मा दर्ता भएका कम्पनी हुन्। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ ले निर्दिष्ट गरेको कानूनी व्यवस्था बमोजिम नै करदाता कम्पनीले लामा कन्स्ट्रकसन् प्रा.लि.सँगको खरिदमा बुझाएको कर करदाता कम्पनीले उठाएको करको रकमबाट कट्टी गरेको हो। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१)(क) र (ख) मा उल्लेखित कानूनी व्यवस्था बमोजिमको यस

कम्पनीले लामा कन्स्ट्रक्सन प्रा.लि.सँग आन्तरिक खरिद गरी ऐ.को नियम १७ बमोजिम बीजक समेत प्राप्त गरी सो को विवरण आन्तरिक राजस्व कार्यालयमा पेश गरी करकट्टीको दावी गरेको हो। करकट्टी दावी लिईएको वस्तु तथा करयोग्य व्यवसायसँग प्रत्यक्ष रुपमा सम्बन्धित रहेको भनी उल्लेख समेत गरेको अवस्था छ। यसरी मूल्य अभिवृद्धि करमा दर्ता भएको यस करदाता कम्पनीको विस्तार प्रयोजनको लागि भवन तथा गोदामहरुको आवश्यकता भएकोले उक्त भवन निर्माण कार्य भई कम्पनीको अफिस, गोदामको रुपमा प्रयोग समेत हुनाले यो विशुद्ध रुपमा करयोग्य व्यवसायसँग सम्बन्धित भएको कुरामा कुनै विवाद देखिदैन। यस अवस्थामा ऐ.नियमावलीको नियम ३९(४) बमोजिम दर्ता भएको व्यक्तिले खरिद वा आयात गर्दा तिरेको कर रकम निजले बिक्री गर्दा संकलन गरेको रकमभन्दा बढि भएको रकम अर्को अवधीमा कट्टा गर्न पाउने व्यवस्था रहेको छ। सोही बमोजिम नै करदाताबाट दरखास्त दिएमा कर अधिकृतले ऐ.नियमावलीको नियम ४५ बमोजिम तीस दिनभित्र रकम फिर्ता दिनु पर्ने हुन्छ तर नदिएमा ऐ.को दफा ४७ बमोजिम १५% का दरले हुन आउने व्याज रकम सहित फिर्ता गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम रहेकोमा यसै कानूनी प्रावधान बमोजिम करदाताको निवेदन मागको बर्खीलाप हुने गरी नपाउने करकट्टी दावी गरेको भन्ने आधार लिई भएको सुरु निर्णय तर्कपूर्ण तथा विधिसम्मत छैन। कर कार्यालयहरुबाट भएको अन्तिम कर निर्धारण आदेशमा लिईएको जिकिरहरु आफैमा आत्मनिष्ट रहेको छ। करदाताको निवेदन जिकिरका सम्बन्धमा भएको निर्णयमा स्पष्ट आधार तथा कारण खुलाईएको छैन। आन्तरिक राजस्व विभागबाट भएको निर्णयमा करदाताले आफ्नो कारोवारको लागि निर्माण गरेको भन्ने जिकिर लिएको भवन आफ्नो स्वामित्वमा नरहेको भन्ने आधार पेश गरेको भएतापनि उक्त भवन निर्माण भएको जग्गा कम्पनीले ३५ बर्षका लागि जग्गाधनीसँग करारनामा गरी भोगाधिकार प्राप्त गरेको हो। करारनामाको शर्त बमोजिम लिजमा लिएको जग्गा भएको हुँदा उक्त जग्गामा बनाएको भवन कम्पनीको नाउँमा नै नक्सा पास गर्नुपर्छ भन्ने जिकिर कानूनसम्मत छैन। यसरी करदाताले करकट्टी माग गरेको विषयलाई अन्देखा गरी, बुझ्नुपर्ने प्रमाण समेत नबुझी, करदाता कम्पनीले झुठा विवरण पेश गरी बुझाउनु पर्ने रकम नबुझाई करको दायित्व घटाएको भन्ने आधार लिई आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ बाट भएको अन्तिम कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय त्रुटिपूर्ण भएको सोलाई बदर गरी पुनरावेदन मागदावी बमोजिमको फैसला गरी न्याय इन्साफ गरी पाउँ भन्ने समेत जिकीर लिई करदाताको तर्फबाट लिईएको पुनरावेदन जिकिर।

६. यसमा व्यवसाय सित सम्बन्धित कर कट्टी दावी अमान्य गर्ने गरी गरेको शुरु कार्यालयको निर्णय फरक पर्न सक्ने अवस्था हुँदा अ.वं २०२ बमोजिम सरकारी वकिल, आन्तरिक राजस्व विभागलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नू भन्ने यस न्यायाधिकरणको मिति २०७०/२/१२/1 मा भएको आदेश ।

७. यसमा पुनरावेदक साईमेक्स ट्रेडिङ्ग प्रा.लि.ले प्रस्तुत मुद्दा कर फछ्र्यौट आयोगबाट निर्णय गरी पाउन कर फछ्र्यौट आयोगको सहमति पत्र समेत साथै राखी निवेदन गरेकोले कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा ७(२) बमोजिम पुनरावेदन पत्र फिर्ता लिन अनुमती प्रदान गरिएको छ। प्रस्तुत पुनरावेदन पत्रको लगत कट्टा गरी सो को जानकारी विशेष सरकारी वकील कार्यालयलाई दिनू भन्ने यस न्यायाधिकरणबाट मिति २०७२।०३।१४।२ मा भएको फिर्ता आदेश।

८. प्रस्तुत मुद्दा यस सम्मानित न्यायाधिकरणमा दर्ता भई कार्वाही चलिरहेको अवस्थामा यस विषयमा तत्काल नेपाल सरकारबाट गठित कर फछ्र्यौट आयोगले यस विषयमा हेर्ने अधिकार तोकिदिए अनुसार फछ्र्यौट आयोग ऐन, २०३३ को दफा ७ बमोजिम बिघटन भई प्रस्तुत विषयको कर फछ्र्यौटको कार्य सम्पन्न नहुँदै गठित आयोग बिघटन भई प्रस्तुत विषयको टुङ्गो लाग्न नसकेकाले ऐनको दफा १६ बमोजिम सम्मानित न्यायाधिकरणबाट नै मुद्दाको निरुपण भई फिर्ता भई आएकोले प्रस्तुत मुद्दाको दर्ता दायरी कायम गरी यसै न्यायाधिकरणबाट मुद्दाको कारवाही किनारा गरी पाउँ भन्ने बेहोराको करदाताबाट मिति २०७५।९।२४ मा यस न्यायाधिकरणमा निवेदन पेश गरेको।

९. यसमा कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा १६ बमोजिम फिर्ता आएको प्रस्तुत पुनरावेदन दर्ता गरी नियमानुसार इजलास समक्ष पेश गर्नू भन्ने व्यहोराको मिति २०७५।९।२४ मा यस न्यायाधिकरणका स्रेस्तेदारबाट भएको आदेश।

१०. प्रस्तुत मुद्दामा आजको पेशी जानकारी विशेष सरकारी वकिलको कार्यालय काठमाडौंलाई दिएको नदेखिंदा पेशीको जानकारी दिई लगाउको मुद्दा साथै राखी नियमानुसार पेश गर्नू भन्ने व्यहोराको यस न्यायाधिकरणबाट यस मिति २०७९।२।२७ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

११. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक करदाता साईमेक्स ट्रेडिङ्ग प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री शिवप्रसाद रिजालले करदाताको मूल्य अभिवृद्धि करका सम्बन्धमा सुरु आन्तरिक राजस्व कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश तथा आन्तरिक राजस्व विभागबाट भएको निर्णयमा कर लगाउँदा लिईनुपर्ने आधार तथा कारण स्पष्ट रुपमा नखुलाएको, निर्णय पर्चामा करदाताले तिर्न बाँकी रहेको रकम नतिरेको भन्ने कारण आधार नदेखाएको तर नपाउने कर रकममा दावी गरेको भन्ने आधार लिई सो को कारण जरिवाना समेत गरेको कार्य कानूनसम्मत नभएको, करदाताले निर्माण गरेको भवन विशुद्ध व्यवसायिक प्रयोजनको लागि भएको र उक्त भवनबाट कार्यालय समेत सञ्चालन भएको हुँदा अन्य प्रयोजनको तथा भाडाको लागि प्रयोग नगरेको अवस्थामा करदातामाथि करको बोझ थुपारी करदाताको स्वतन्त्र कारोवार गर्न पाउने मौलिक अधिकारलाई कुण्ठित गर्दै मनोमानी ढंगबाट गरिएको अन्तिम कर निर्धारण आदेश र सो

आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय त्रुटिपूर्ण हुँदा सो बदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१२. प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारीले पुनरावेदक करदाताले लामा कन्स्ट्रकशनबाट खरिद गरेको वस्तु तथा सेवा सम्बन्धित व्यवसाय प्रयोजनका लागि नभएको, करदाता कम्पनीको नाउँमा घर तथा भवन बनाउन स्वीकृत नभएको लगायतका आधार तथा प्रमाणबाट करदाताको हकमा भएको अन्तिम कर निर्धारण आदेश तथा प्रशासकिय पुनरावलोकनको निर्णय कानूनसम्मत रहेको हुँदा सो निर्णय सदर गरी पाउँ भनि गर्नुभएको बहस समेत सुनियो।

१३. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.३ बाट पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश र उक्त आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको जिकिर पुग्न सक्छ, सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१४. निर्णयतर्फ विचार गर्दा, पुनरावेदक करदाता साईमेक्स ट्रेडिङ्ग प्रा.लि.ले आफ्नो कारोवारको लागि भवन निर्माण गरेको र सो भवन निर्माण गर्दा तिरेको कर मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ बमोजिम कट्टी गर्न पाउनु पर्दछ भन्ने जिकिरका सम्बन्धमा हेर्दा, मिसिल संलग्न कागजातबाट पुनरावेदकले आफ्नो कारोवारको लागि निर्माण गरेको भनी दावी लिएको भवनको निर्माण गरेको का.म.न.पा-२ लाजिम्पाटमा अवस्थित कि.नं.६७३ को क्षेत्रफल ४-७-३-२ को जग्गा पुनरावेदक कम्पनीको नभई करदातासँग असम्बन्धित व्यक्ति प्रसिद्ध बहादुर पाण्डेको नाममा दर्तामा रही निजकै नाउँमा आवासिय प्रयोजनका लागि ७२,९९१.१ वर्ग फिट क्षेत्रफलको आवासिय भवन बनाउनका लागि काठमाडौं महानगरपालिका कार्यालय, शहरी विकास विभागको नक्शा शाखाबाट मिति २०६६।१२।१६ मा ईजाजतपत्र समेत जारी भएको देखिन्छ। मौजुदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ मा रहेको करकट्टी शिर्षक अन्तर्गत उपदफा(१) मा "दर्ता भएको व्यक्तिले आफ्नो कर लाग्ने कारोवारसँग सम्बन्धित वस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको वा तिर्नुपर्ने करको रकम आफूले उठाएको करको रकमबाट कट्टी गर्न सक्ने छ" भन्ने व्यवस्था उल्लेख गरेको देखिन्छ।

१५. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ बमोजिम करकट्टी दावीको लागि आवश्यक पर्ने आधारभूत शर्त करदाताले खरिद गरेको वस्तु तथा सेवा सम्बन्धित व्यवसायको लागि हुनुपर्ने देखिन्छ। तर पुनरावेदक करदाताले आफ्नो व्यवसायको लागि बनाएको भनी दावी गरेको भवन करदातासँग सम्बन्धित कुनैपनि व्यक्तिको नाउँमा दर्ता स्वामित्व नरही प्रशिद्ध

बहादुर पाण्डेको नाउँमा दर्ता रहेको देखिन्छ। आफ्नो व्यवसायको लागि निर्माण गरेको भनिएको भवन विभिन्न खण्डहरु आई.टी., विद्युतिय सामाग्री, फिट रेष्टुरेन्ट, बेङक्वेट र सम्मेलन केन्द्रको लागि बहालमा दिने प्रयोजनार्थ बुकिङ खुल्ला गर्ने गरी विज्ञापन समेत गरेको कार्य मिसिल संलग्न पुनरावेदक करदाताद्वारा निर्माण गरेको भनिएको मेट्रो पार्क नामको भवनको फोटोबाट देखिन्छ। यसप्रकार पुनरावेदक करदाताबाट निर्माण गरेको भवन आफ्नो व्यवसाय प्रयोजनका लागि नभई बहाल दिने कार्यको प्रयोग गरेको देखिएको छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (६) मा "यस ऐन बमोजिमको करकट्टी सुविधा तोकिए बमोजिमको कागजातहरुद्वारा दावि प्रमाणित भएपछि मात्र दिइनेछ" भन्ने व्यवस्था रहेको समेत देखिन्छ। पुनरावेदक करदाताले यो दावी प्रमाणबाट पुष्टी गर्न सकेको देखिएन। यस परिप्रेक्षमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ ले गरेको व्यवस्था बमोजिम हुने गरी माग गरेको करकट्टी दावी कानूनसम्मत देखिन आएन।

१६. पुनरावेदक करदाताले आफ्नो पुनरावेदन जिकिरमा उल्लेख गरेको विषय अन्तर्गतको मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९ को उपदफा (१क) प्रयोग गरी कर अधिकृतले २५% जरिवाना गरेको कार्य कानूनसम्मत नभएको भन्ने सम्बन्धमा विवेचना गर्दा, प्रथमतः मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९ को उपदफा (१क) मा "यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले विभागले तोकेको आधारमा कर विगोको पच्चीस प्रतिशतसम्म जरिवाना गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको देखिन्छ। उल्लिखित व्यवस्था वमोजिमको कार्य यी पुनरावेदक करदाताबाट भए नभएको सम्बन्धमा दृष्टिगत गर्दा, पुनरावेदक करदाताले कर कार्यालय समक्ष पेश गरेको विवरणमा आफ्नो कारोवारसँग सम्बन्धित वस्तु तथा सेवाको खरिदमा तिरेको मूल्य अभिवृद्धि कर मात्रको कर कट्टी दावी गर्नुपर्नेमा सो नगरी आफ्नो प्रा.लि.को नाउँमा नभएको तर प्रा.लि.को सवैभन्दा धेरै शेयर लिने सञ्चालकको श्रीमानको नाउँमा रहेको जग्गामा मासिक भाडा भुक्तानी गर्न नपर्ने शर्तमा सम्झौता गरी आवाशीय प्रयोजनको भवन बनाउन महानगरपालिकाबाट स्वीकृत लिई उक्त भवन निर्माण कार्यपश्चात भाडामा दिने प्रयोजनका लागि विज्ञापन समेत गरेको देखिँदा उक्त कार्य मू.अ.कर ऐन, २०५२ को दफा १७ ले गरेको व्यवस्था बमोजिम करकट्टी छुटको दावी लिन नमिल्ने अवस्था रहेको भन्ने स्पष्ट किटानी हुँदा हुँदै दावी गर्न नमिल्ने करकट्टी करदाताबाट माग भएको र परिणामतः करको दायित्व घटाउने मनसायबाटै यो कार्य गरेको मान्नु पर्ने हुँदा शुरु कर कार्यालयबाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(१क) बमोजिम २५% जरिवाना हुने गरी भएको अन्तिम कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णयलाई अन्यथा मान्न मिलेन।

१७. अतः माथि उल्लिखित तथ्य एवं विवेचित आधार र कारण समेतबाट पुनरावेदक करदाता साईमेक्स ट्रेडिङ्ग प्रा.लि. (स्थायी लेखा नं. ३०००८६४७४) को मूल्य अभिवृद्धि कर

(०६८।०६९) सम्बन्धमा तत्कालिन आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.३ ले मिति २०६८।१०।१३ मा गरेको आदेश र सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०६९।२।२६ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पठाईदिनु।
२. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं.३ काठमाडौं, लाजिम्पाट पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा हाम्रो सहमती छ।

| पुष्पप्रसाद गुरागाईं | गोविन्दप्रसाद अधिकारी |
|---|---|
| (लेखा सदस्य ) | (राजस्व सदस्य ) |

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
शाखा अधिकृतः प्रमोद रिजाल
ईति सम्वत् २०७९ साल असार १९ गते रोज १ शुभम् ----------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने राजस्व सदस्यः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप